जि.प्र.का. सप्तरी द.नं. २१/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजबिराज दैनिक

वर्ष ३०  अंक २५६  २०७८ साल असार १७ गते बिहीबार (1 July 2021 Thursday)  मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते लागू भएको देवानी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- मासिक बीस हजार रुपैयाँभन्दा बढीमा घर बहालमा दिंदा घर बहालमा लिने दिने व्यक्तिले लिखित सम्झौता गर्नु पर्ने,
- काम लगाउने व्यक्तिले काम गर्ने व्यक्तिलाई कामको अनुपातमा ज्याला दिनु पर्ने,
- पचास हजार रुपैयाँ भन्दा बढी रकम लेनदेन गरी घरसारमा तयार भएको लिखत स्थानीय तहबाट प्रमाणित गराउनु पर्ने,
- धर्मपुत्र धर्मपुत्री राख्दा जिल्ला अदालतबाट प्रमाणीकरण गराउनु पर्ने,
- सार्वजनिक पदाधिकारीले पदीय हैसियतमा नाम र दर्जा खुलाई कुनै लिखतमा हस्ताक्षर गर्नु पर्नेमा सो नगरे पाँचसय रुपैयाँसम्म जरिवाना हुन सक्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**Log on : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : एक बुबा र तिनै छोरा ... ३ पृष्ठमा : राष्ट्रियसभाको आठौं ... ३ पृष्ठमा :भारतमा थप ४६ हजार ...

# प्रदेशसभा बैठक बस्नै नपाई स्थगित

## अर्को बैठक असार २३ गते

धनुषा, १५ असार (रासस)।

प्रदेश नं २ को बुधबार बोलाइएको प्रदेशसभा बैठक बस्नै नपाई स्थगन भएको छ। अपराह्न २ बजेका लागि बोलाइएको बैठक बस्दै नबसी स्थगन भएको हो।

यही असार १ गते प्रदेशसभामा प्रस्तुत आगामी आव २०७८-७९ को बजेटमाथि छलफल गर्ने गरी बुधबारको बैठक आह्वान गरिए पनि बस्दै नबसी स्थगन भएको प्रदेशसभा सचिवालयका सचिव रञ्जित यादवले जानकारी दिनुभयो।

उहाँका अनुसार प्रदेशसभाको अर्को बैठक असार २३ गते बस्ने छ। आर्थिक मामिला तथा योजनामन्त्री विजय यादवले असार १ गते प्रस्तुत गर्नुभएको बजेट प्रस्तुतिपछि त्यही दिन बसेको अर्को बैठक विपक्षी सांसदको अवरुद्धका कारण स्थगन गरिएको थियो।

नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र)का सदस्यले संसदीय विकास कोषको रकम वृद्धि हुनु पर्ने माग राख्दै असार १ गते बैठक अवरुद्ध गरेपछि बुधबारका लागि बैठक आह्वान गरिएको थियो।

संसदीय विकास कोषको रकम वृद्धिबारे प्रदेश सरकारले छलफल नगरेपछि बैठक पुनः अवरुद्ध हुने आशंकामा प्रदेशसभा बैठक सारिएको बताइएको छ।

# सिरहामा असार ३१ गतेसम्म निषेधाज्ञा

**दैनिक समाचारदाता**
**सिरहा, १६ असार।**

सिरहामा निषेधाज्ञाको समय १६ दिन थप गरिएको छ। जिल्ला कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्रको बैठकले कोरोना सङ्क्रमणको जोखिम कायमै रहेको भन्दै निषेधाज्ञाको समय असार ३१ गते राति १२ बजेसम्म थप गर्ने निर्णय गरेको हो।

प्रमुख जिल्ला अधिकारी प्रदीपराज कँणेलले असार १५ गते राति १२ बजेसम्म निषेधाज्ञा लगाइएकामा जोखिम अझ कम नभएकाले निषेधाज्ञालाई असार ३१ गतेसम्म लम्ब्याउने निर्णय गरेको जानकारी दिएका छन्।

यता स्वास्थ्य सुरक्षाका मापदण्ड कायम गरी निषेधाज्ञाका बेला सैलुन र होटलबाहेकका पसल, व्यवसाय बिहान ९ देखि दिउँसो १ बजेसम्म खोल्न दिने निर्णय गरिएको छ। सिरहामा गत वैशाख २३ गतेदेखि निरन्तर निषेधाज्ञा जारी छ।

# नेपालमा कोरोना संक्रमितको संख्या पुनः बढ्दै

**दैनिक समाचारदाता**
**काठमाडौं, १६ असार।**

नेपालमा कोरोना संक्रमितको संख्या पुनः बढ्दै गएको छ।

पछिल्लो २४ घण्टामा २ हजार ८ सय ९२ जनामा संक्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ। मंगलबार संक्रमण पुष्टि भएको २ हजार ६ सय ३६ भन्दा २ सय ५६ जनाले बढी हो।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार अहिले नेपालमा संक्रमणदर २६ प्रतिशत पुगेको छ।

पछिल्लो २४ घण्टामा काठमाडौं उपत्यकामा ५ सय ७२ जना संक्रमित भेटिएका छन्। जसमध्ये काठमाडौं जिल्लामा ४ सय ३६, ललितपुरमा १ सय ८९ र भक्तपुरमा ४७ जना छन्।

कोरोना संक्रमणका कारण पछिल्लो २४ घण्टामा ४१ जनाको मृत्यु भएको छ। पछिल्लो २४ घण्टामा कोरोना संक्रमणमुक्त हुनेको संख्या ३५९७ रहेको छ। हाल देशभर सक्रिय संक्रमितको संख्या ३३ हजार ५ सय ६१ रहेको छ। जसमध्ये ३० हजार ५ सय ४४ जना होम आइसोलेसनमा र ३ हजार १७ जना संस्थागत आइसोलेसनमा छन्।

हालसम्म कोरोना संक्रमणका कारण ९ हजार १ सय १२ जनाको मृत्यु भएको छ। हालसम्म १७ जिल्लामा सक्रिय संक्रमितको संख्या ५०० भन्दा बढी छ।

# ट्र्याक्टर दुर्घटनामा चालकको मृत्यु

**दैनिक समाचारदाता**
**सिरहा, १६ असार।**

सिरहा नगरपालिका १३ स्थित सडकमा आफैं अनियन्त्रित भई ट्र्याक्टर दुर्घटना हुँदा चालकको मृत्यु भएको छ।

मृत्यु हुनेमा ट्र्याक्टर चालक सोही नगरपालिका-१६ निवासी २२ वर्षीय सुरज गोइत रहेको प्रहरीले जनाएको छ।

स.१त. ३९७२ नंको ट्र्याक्टर गए राति आफैं अनियन्त्रित भई दुर्घटना हुँदा ट्र्याक्टर चालक गोइतको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ।

# एक डोज लगाए पुग्ने : नेचर जनरल

**दैनिक समाचारदाता**
**काठमाडौं, १६ असार।**

कोरोना संक्रमण भइसकेका व्यक्तिलाई खोपको एक डोजमात्र लगाए पुग्ने एक अध्ययनले देखाएको छ।

'नेचर जर्नल' मा प्रकाशित अध्ययन प्रतिवेदनमा संक्रमण नभएका व्यक्तिलाई कोरोनाको दुई डोज खोपले भन्दा संक्रमण भइसकेको व्यक्तिमा एक डोजले राम्रो एन्टीबडी विकास भएको उल्लेख छ।


संक्रमितलाई दुई खोप दिँदा पहिलो भन्दा दोस्रो डोजले भिन्नता नदेखिएको र एक डोज खोप लिएपछि सक्रमित भएकाले दोस्रो डोज खोप लिनु नपर्ने अध्ययनले देखाएको छ। एजेन्सी

**२०७५ साल भदौ १ बाट लागू भएको देवानी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- चौध वर्ष उमेर नपुगेका नावालकले गरेको हानी नोक्सानी वापत निजको बाबु आमाले क्षतिपूर्ति व्यहोर्नु पर्ने,
- पशुले गरेको हानि नोक्सानी वापत पशु धनिले क्षतिपूर्ति व्यहोर्नु पर्ने,
- फोहोर मैला वा कुनै वस्तु फालेको कारणबाट कसैलाई हानि, नोक्सानी भएको हानि, नोक्सानी भएकोमा सम्बन्धित घर मुलीले दायित्व व्यहार्नु पर्ने,
- कसैको सम्पत्तिमा अनधिकृत प्रवेश (ट्रेसपास) गरेको कारणले भएको हानि, नोक्सानी वापत अनधिकृत प्रवेश गर्ने व्यक्तिले दायित्व व्यहोर्नु पर्ने,
- त्रुटिपूर्ण उत्पादन गरी कुनै वस्तु वा सेवा बिक्रि, वितरण गरेको कारण भएको क्षति वापत उत्पादकले दायित्व व्यहोर्नुपर्ने।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग




# तिरहुत गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

## सम्पादकीय

# असारमै कीन हुन्छ विकासीय कार्य !

असार महिना चालु आर्थिक वर्षको अन्तिम समय हो । यस महिनामा विभिन्न विकासीय कार्यहरु धमाधम हुने गरेको पाइन्छ । चाहे त्यो स्थानिय निकायको बजेटबाट होस् या प्रदेश सरकारको बजेट होस् या संघीय सरकारको बजेटबाट होस् । बजेट सकाउन धमाधम वर्षायाममा विभिन्न विकासीय कार्यहरु भइरहेको छ । वर्षभरि विकासीय कार्यहरु सम्पन्न गर्न नसक्ने तर असार महिनामा जसरी भएपनि काम सम्पन्न गर्ने लक्ष्य लिएर विकास निर्माणका कामहरु भइरहेको छ । कुनै पनि विकासीय कार्य गर्नु सकारात्मक हो, तर यसरी १५/२० दिनको अवधीमा गरिने त्यस्ता कार्यहरु गुणस्तर हुन्छन् त ! यो अहिले सबै जनताको चासोको विषय बनेको छ ।

यो परिपाटी यस वर्षको मात्र नभएर विगतदेखी नै संस्थागत रुपमा परिपाटी बसिसकेको छ । वितेको ११ महिना काम नगर्ने अनि एक महिनाको अवधीमा जसरी पनि काम सकाउनु पर्ने लक्ष्य लिएर गरिने काम कसरी गुणस्तर हुन्छ । तर यसप्रति कसैको चासो गएको देखिदैन् ।

कम समयमा जसरी तसरी काम गर्ने अनि बजेट मिलान गर्ने परिपाटीको अन्त्य नभएसम्म कुनै पनि विकासीय कार्य ठोस हुनसक्दैन् । यसका लागि सुरुदेखी नै ठोस कार्यनीति बनाउनु आवश्यक छ । तसर्थ यो परिपाटीले कागजी विकासीय कार्यको नमूना मात्र बन्न सक्छ दिर्घकालिन र ठोस कार्यको उपलब्धी हुन सक्दैन् । यसप्रति सबै सचेत हुनु आवश्यक छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# एक बुबा र तिनै छोरा पाइलट, एकै ककपिटमा !

काठमाडौँ, १६ असार (रासस) ।

"अरुहरूले जे सकिँदैन भन्छन्, हामी त्यो सकिन्छ, हुन्छ, गर्न सकिन्छ भन्ने ठान्छौँ । काम गर्न नचाहनेले मात्रै यस्ता तर्क गर्छन् । अगाडि बढ्न चाहनेले कहिल्यै सकिँदैन, हुँदैन, सम्भव छैन भन्दैन । नेपालमा काम गर्नुपरेपछि यस्ता तर्क गर्नेहरू भने धेरै भेटिन्छन्" कुराकानीको शुरुआत नै यसरी भयो ।

पाइलटहरूको एउटा परिवार । शुरुमा पिता अनि तीनभाइ छोरा पनि बुबालाई पछ्याउँदै पाइलट । संसारमा यस्तो संयोग पनि कमै जुर्छ होला । तेस्रो पुस्तालाई समेत सोही पेशामा लगाउने सोच छ त्यो परिवारको छ ।

यो पाइलट परिवारले झण्डै ६५ हजार घण्टा विमान उडाएको रेकर्ड समेत बनाएको छ । त्यही रेकर्ड बनाएको परिवारको दोस्रो पुस्ताको जेठो सदस्य हुनुहुन्छ सुवास रिजाल ।

नेपालको राष्ट्रिय झण्डा बोकेर उड्ने नेपाल वायु सेवा निगम आफैमा गर्विलो विरासत बोकेको संस्था हो । काठमाडौँको नयाँ सडकको ढोकैमा आकाश भैरवको प्रतिमा शिरमा राखेर ठडिएको यो संस्थाले राजनीतिक उतारचढाव धेरै भोग्यो । सोही संस्थाले दिएको नाम र कामसँग नङमासु जसरी जोडिएको छ रिजाल परिवार ।

धनकुटाबाट विराटनगर हुँदै काठमाडौँ आइपुगेको रिजाल परिवारले बनाएको प्रतिष्ठा धेरैका लागि लोभलाग्दो पनि छ । पिता गंगाप्रसाद रिजाल निगमका वरिष्ठ पाइलट हुनुहुन्थ्यो । उहाँ लामो समय सेवा गरेर हाल अवकाश जीवनमा रमाइरहनु भएको छ । उहाँका तीन भाइ छोरा नै पाइलट हुनुहुन्छ । अहिले त उहाँहरू पनि वरिष्ठ भइसक्नुभयो ।

कुनै समय थाइ एयरलाइन्ससँग जोडिएर आउँथ्यो, निगमको नाम । शाही नेपाल वायु सेवा निगमबाट शुरु भएको यात्रा नेपाल वायु सेवासम्म आइपुग्दा झनै खस्किएको छ । झनै खुम्चिएको छ भन्दा अन्यथा हुदैन होला । विदेशी एयरलाइन्सको धमाधमको कमाइका अघिल्तिर निगमको गन्तव्य भने सीमित छ । सीमित मात्र होइन झन खुम्चिँदै गएको छ ।

देशभित्रै निजी वायुसेवा प्रदायकले दैनिक दर्जनौं उडान भर्दा, निगमका जहाज घाम पानी थापेर विमानस्थलमा ग्राउण्डेड हुन बाध्य छन् । आन्तरिक उडानका लागि ल्याइएका चिनियाँ जहाज उड्न सक्छ, सम्भव छ भन्नेहरूका कुरा सायदै सुनिन्छ । पछिल्लो पटक त निगमले ती जहाज व्यवस्थापन गरिदिन सरकारलाई आग्रह गरिसकेको छ । अन्तर्राष्ट्रिय उडानमा रहेका दुई न्यारोबडी र दुई वाइडबडीका पनि आ-आफनै कहानी छन् । निगमका तत्कालीन महाप्रबन्धक सुगतरत्न कंसाकारले आँट गरेर जहाज नल्याएको भए बुधबार निगम विमानस्थलमा ग्राउण्ड ह्याण्डलिङ्मा मात्रै सीमित हुन्थ्यो भनेर टिप्पणी गर्नेहरू पनि उत्तिकै छन् ।

निगमलाई धेरै अगाडि बढाउन सकिन्छ, यहाँ त हुँदैन, सकिदैन भन्ने मान्यताले काम गरेको छ । जसले हुँदैन र सकिदैन भन्छन् उनीहरूलाई नै निगमको खास जिम्मेवारी दिइएको आरोप पनि लाग्ने गरेको छ ।

नेपालको हवाई उड्डयन व्यवसाय रु ९५ अर्ब भन्दा माथिको छ जसमा नेपालमा स्थापित सबै वायुसेवाहरूको कूल हिस्सा रु २० देखि २५ अर्ब मात्र रहेको छ । हामी सबैले कसैको पनि कुभलो नचिताई स्वस्थ प्रतिस्पर्धा गरेरै अघि बढ्दा सम्वृद्धि हाँसिल गर्न सकिने सकारात्मक मत पनि छ ।

निगमका वरिष्ठ पाइलट समेत रहनु भएका सुवास भन्नुहुन्छ "उच्च व्यवस्थापनमा रहेकाहरूले जे कुरा सम्भव छैन भनिरहनु भएको छ, त्यो कुरा हामी सम्भव छ भनेर देखाउन सक्छौँ । हामीमा आँट छ, गर्ने ल्याकत पनि छ ।" सबैतिर बन्द भएको उडान तत्कालीन अवस्थामा सुगतरत्न कंसाकार महाप्रबन्धक भएको समयमा शुरु भएको थियो । सुवासको बुझाइमा सन् २०१६ देखि २०१८ को बीचमा झण्डै ४० गन्तव्यमा उडान शुरु भएको थियो । सो समयमा सुवास निगमको अपरेशन डाइरेक्टर हुनुहुन्थ्यो । त्यसपछि झनै गन्तव्य थपिनुपर्ने थियो । नयाँ नयाँ जहाज पनि थपिनुपर्ने थियो ।

अवस्था भने ठिक विपरित भएर गएको छ । आन्तरिक उडानका लागि भनेर ल्याइएका चिनियाँ जहाज घाम तापेर, बर्षा सहेर बसेको छ । भएका दुई वटा ट्वीनअटर जहाजले कुन कुन गन्तव्यमा उडान भरोस् । निजी विमान कम्पनीले धमाधम उडान भरीरहँदा निगमका जहाज भने पखेटा काटिएको चरा जस्तै रहन किन बाध्य भयो त ? सुवासको टिप्पणी छ "यो पनि सकिदैन, त्यो पनि सकिदैन, हुँदैन भन्ने मान्यताले निगममा घर गरेको छ । यो प्रवृत्तिलाई बदलेर, सकिन्छ, हुन्छ, गर्न सकिन्छ भन्ने मान्यता स्थापित गरिए सबै कुरा सम्भव छ । हामी सम्भव बनाउन सक्छौँ ।"

"जहाज उडाउने भनियो, पाइलट छैन भनिन्छ, इन्जिनियर छैन भनिन्छ, अर्कोलाई दोष लगाउन थालिन्छ तर म यो काम गर्छु, यसरी सम्भव छ भनेर कोही कसैले पनि तयारी गरेको देखिएन । बरु राम्रा काम गरेकालाई हिलो छ्याप्ने काम गरियो", वरिष्ठ क्याप्टेन सुवास भन्नुहुन्छ "जसलाई संस्थाको भन्दा अन्यत्रैको माया छ भने कसरी निगम उभो लाग्छ ।"

गुनासै गुनासाका पोका मात्रै होइन, हामीसँग निगमलाई अगाडि बढाउने मास्टर प्लान पनि छ । खुम्चिएर बसेको निगमलाई फुकाउने, व्यवसायिक कार्ययोजनाका साथ अगाडि बढ्ने सोच पनि छ । विगतमा अगाडि बढाइएका सकारात्मक कार्ययोजना पूरा गर्ने हो भने निगमले चोला फेर्न धैरै पर्खनुपर्ने छैन ।

सुवासको भनाइ छ "जे हुदैन, सम्भव छैन भनिन्छ त्यो काम सम्भव छ, गर्न सकिन्छ । निगम पनि अन्य व्यवसायिक निजी कम्पनीभन्दा अब्बल बनाउन सकिन्छ । प्रतिस्पर्धी बनाउन सकिन्छ ।" हुन पनि हो । काम गर्दा भन्दा नगर्दा नै फाइदा भएपछि किन मानिसले दुःख गरोस् ? अहिले निगममा भएको पनि त्यही हो । सायद यसैले हुनसक्छ उहाँको आक्रोशपूर्ण अभिव्यक्ति देखिन्छ बेलाबखतमा ।

कोरोनाको विपदमा उद्धार गर्नु पर्दा निगमको जहाज चाहिएको छ । स्वास्थ्य सामग्री ल्याउनु परेको छ, जहाज त फेरि पनि निगमको नै चाहिन्छ तर निगमलाई व्यवसायिक बनाऔँ भन्ने सन्दर्भ कहीँ कतैबाट आयो भने, कोही जिम्मेवारी लिन तयार नभएको उहाँको गुनासो छ । किनकी त्यहाँ जवाफदेही हुनुपर्छ । निगम बनाउँछु भनेर आएका एकाध बाहेक अधिकांशसँग जवाफदेहिता छैन भन्ने आफूले देखेको सुवासको भनाइ छ ।

'आपत विपदको समयमा काम लाग्ने भनेकै आफ्नाहरू हुन्' नेपाली समाजमा यो भनाई लोकप्रिय छ । कुनैपनि सार्वजनिक संस्था स्थापना गर्नुको पछाडि पनि यही सामाजिक चरित्रले काम गरेको छ तर निगमलाई आम जनताको संस्था बनाउनेतर्फ कोही कसैले सोचेका छैनन् जस्तो देखिनु आफैमा दुःखद छ ।

निगमका दुई वाइडबडी जहाजमध्ये एउटालाई जानी बुझीकनै बिरामी बनाइएको छ । बिरामी निगम सुधार्न ठूलै पापड पेल्नुपर्ने बताउने सुवासलाई शुरुमा आमाले छोरो डाक्टर बनोस् भन्ने चाहनु भएको थियो । बुबा पाइलट भइहाल्नुभयो अब छोरो डाक्टर बनोस् भन्ने भएपनि परिस्थितिले पाइलट नै बनाइदियो । पिता गंगाप्रसादका तीन भाइ छोरा नै पाइलट बन्नुभयो ।

बनारसमा आइएस्सी सकेपछि सुवास पाइलट पढ्न अमेरिका जानुभयो । यो सन् १९८८ मा उहाँ त्यहाँ पुगेर करिब १० महिनामा १०-१२ हजार अमेरिकी डलर खर्च गरेर अध्ययन गर्नुभयो र व्यवसायिक पाइलट बनेर फर्किनुभयो । उहाँले नेपाल फर्केपछि जहाज उडाउने सपना बोकेर आउनुभएको थियो तर त्यति नै बेला भने निगमसँग पर्याप्त जहाज थिएनन् । त्यसमाथि सरकारी संस्थान भएकाले सजिलै जागिर पाउने कुरा पनि थिएन ।

जहाज उडाउन नपाएपछि केही समय शिक्षक भएको स्मरण गर्नुहुन्छ, सुवास । बेरोजगार पाइलट भनेर पहिलो अन्तरवार्ता दिने पनि मै थिएँ, शुरुआती दिनहरूको स्मरण उहाँ यसरी गर्नुहुन्छ ।

संयोगले तत्कालीन प्रधानमन्त्री मरिचमानसिंह श्रेष्ठसँग भेट्ने अवसर मिल्यो । मरिचमाालेे विस्तारमा सुवासहरूको कुरा सुन्नुभयो । उहाँलाई भेटेको कही समय लगत्तै सुवासलाई रोजगारीको खवर आयो ।

नेपाल एयरलाइन्सका पाइलट सुवासले ट्वीनअटर, बोइङ हुँदै अहिले एयरबस ३२० उडाइरहनुभएको छ । उहाँले आफनै पितासँग एउटै ककपिटमा बसेर पनि जहाज उडाउनुभएको छ । सन् १९६७ मा पाइलट बन्नुभएको गंगाप्रसाद, सन् २००३ मा अवकाश हुनुभएको हो ।

कुनै बेला बाबु छोराले जहाज हाँक्ने सुवासका दाजुभाइ पनि बेला बेलामा त्यस्तै संयोग मिलेर आएको हुन्छ । भाइ श्रवणसँगै सुवासले एअरबस ३२० उडाउनुहुन्छ । अहिले भाइ एअरबस ३३० मा हुनुहुन्छ भने सुवास ३२० मा प्रशिक्षक पाइलट हुनुहुन्छ । केही वर्ष पहिले तीनै जना दाजुभाइ एअरबस ३२० उडाउनुहुन्थ्यो ।

क्याप्टेन गंगाप्रसादका तीन भाइ छोरा, तिनै जना पाइलट । बुबाले झण्डै १८ हजार घण्टाभन्दा भन्दा बढी उडाउनुभयो । सुवास भन्नुहुन्छ "मेरो नै २१ हजार घण्टा माथि पुग्यो । भाइहरूको १८-१८ हजार घण्टा माथि पुग्यो । यसबाट प्रष्ट हुन्छ हाम्रो परिवारको मात्रै ६५ हजार घण्टाभन्दा माथि जहाज उडाएको पुगेको छ ।"

विभिन्न क्षेत्रमा नयाँ रेकर्ड कायम भएका छन् । चारैजना एउटै एयरलाइन्स राष्ट्रिय ध्वजाबाहकमा काम गरेको पनि विरलै पाइन्छ । एउटै संस्थामा लामो समयसम्म आवद्ध भएर बसेको पनि लामो नै भएको छ ।

"पिताजी ८० पुग्नु भएको छैन । म ५३ वर्ष भएँ । भाइहरू मभन्दा चार वर्ष कान्छा छन् ।" सुवासले पारिवारिक पृष्ठभूमि बताउनुभयो । माइला सुदीप पनि केही पहिले निगमको पाइलट हुनुहुन्थ्यो । अहिले उहाँ संयुक्त राष्ट्रसङ्घमा कार्यरत हुनुहुन्छ ।

विराटनगर-४ बरगाछी स्थायी ठेगाना भएपनि रिजाल परिवार काठमाडौँमा नै बस्यो । सुवासमात्रै विराटनगरमै जन्मनुभएको हो । सुदीप र श्रवण काठमाडौँमै जन्मनुभयो । सुवासले भानुभक्त र ल्याब्रेटरी स्कुल पढ्नु भएको हो । सुदीप र श्रवण सिद्धार्थ वनस्थलीमा पढ्नुभयो । खासमा सुदीप र श्रवण पाइलट बन्न खोज्नुभएको थिएन तर पछि उहाँहरू पनि अन्तिममा पाइलट बन्न पुग्नुभयो । सुदीप-श्रवणले इन्जिनियरिङ पढ्नु भएको हो । त्यसमा पनि सुदीपको सफ्टवेयरमा इन्जिनियरिङ हो । श्रवणको इलेक्ट्रोनिक्स एण्ड कम्युनिकेशन इन्जिनियरिङ विषय थियो ।

इन्जिनियरिङ सकेर दुबै जना नेपाल फर्केर जागिरको खोजी शुरु भयो । तर केही गर्दा पनि पाउन सकिएन । काम गर्ने ठाँउ नै पाउन सकिएन । के गर्ने त भन्ने जिज्ञासाका बीचमा दुबै जनाले पाइलट पढ्ने निधो भयो । पाइलट कोर्सका लागि अमेरिका जानुभयो । बाबु र जेठा छोरा जतिबेला सँगै जहाज उडाउनुहुन्थ्यो भने माइला र कान्छा भने पाइलट कोर्स पढ्दै हुनुहुन्थ्यो । सन् १९९७ मा पाइलट कोर्स सकेर आउँदा निगममा नै जागिर खुलेको थियो । बाबु र तीन भाइ छोरा सबै निगमको नै जगिरे पाइलट हुनुभयो ।

सुवास र श्रवण अनुभवी पाइलटका रूपमा स्थापित हुनुहुन्छ । दाजुभाइ नै एकै पटक ककपिटमा रहँदा कस्तो अनुभव हुँदो रहेछ त ? "अरुजस्तै सामान्य" सुवासको छोटो उत्तर थियो । झण्डै अढाई सय हाराहारी उडानमा दाजुभाइ सँगै हुनुहुन्छ । प्रायः एकैसाथ उडेका छौँ । दाजुसँगै एउटै ककपिटमा धेरै उडान भरेका सुदीपले भने बुबासँग जहाज उडाउन पाएको अनुभव छैन ।

*बाँकी तीन पृष्ठमा*

# राष्ट्रियसभाको आठौँ अधिवेशन आज शुरु हुँदै

काठमाडौँ, १६ असार (रासस) ।

सङ्घीय संसद्को माथिल्लो सदन राष्ट्रियसभाको आठौँ अधिवेशन आज बिहीबारदेखि शुरु हुँदैछ ।

राष्ट्रपति विद्यादेवी भण्डारीले नेपालको संविधानको धारा, ९३ को उपधारा(१) बमोजिम मन्त्रिपरिषद्का सिफारिसमा अन्तरराष्ट्रिय सम्मेलन केन्द्र नयाँ बानेश्वरमा असार १७ गते अपराह्न ४ बजे अधिवेशन आह्वान गर्नुभएको छ ।

सङ्घीय संसद् सचिवालयका प्रवक्ता डा रोजनाथ पाण्डेका अनुसार कोभिड-१९ को सङ्क्रमणकैबीच आह्वान भएको अधिवेशन सञ्चालनका लागि आवश्यक सम्पूर्ण तयारी पूरा भएको छ ।

उहाँले भन्नुभयो, "स्वास्थ्य मापदण्डअनुसार भौतिक दूरी कायम गरी बस्न सकियोस् भनी सभाहलको मर्मत सुधार गर्नेलगायत सम्पूर्ण काम पूरा भएको छ, उपकरणलाई पनि चुस्त तुल्याइएको छ, छुटेका सदस्यलाई खोप लगाउने र एन्टिजेन परीक्षण गर्ने काम भने बुधबार भइरहेको छ ।"

राष्ट्रियसभा अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षता बस्ने कार्यव्यवस्था परामर्श समितिले यस बर्खे अधिवेशनको पहिलो दिन बैठकमा पेश हुने कार्यसूची तय गर्नेछ ।

यद्यपि, बैठकको प्रारम्भमा अधिवेशन आह्वान र मन्त्रिपरिषद् पुनर्गठनसम्बन्धी राष्ट्रपति कार्यालयबाट प्राप्त पत्र वाचन गरेर सुनाइने छ । अधिवेशन प्रारम्भ भएको अवसरमा उक्त सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलका नेताले सफलताका लागि शुभकामना मन्तव्य राख्ने परम्परा छ ।

बैठकमा यस बीचमा जारी अध्यादेशसमेत पेश गरिने छ । प्रतिनिधिसभाविहीन अवस्थामा शुरु हुन लागेको यस अधिवेशनबाट विधेयक निष्कर्षमा पुग्ने अवस्था रहन्न । प्रतिनिधिसभाको अभावमा मुलुकका समसामयिक र जनजीवीसँग जोडिएका मुद्दामा प्रतिपक्षीलाई गम्भीर बहस र छलफलका लागि मञ्च भने उपलब्ध हुनेछ । सरकारले पनि लागेका लाञ्छना र प्राप्त उपलब्धिबारे सदनमार्फत जनतालाई स्पष्ट पार्ने मौका मिलेको छ ।

राष्ट्रपतिले समयसमयमा दुवै वा कुनै सदनको अधिवेशन आह्वान गर्ने संवैधानिक व्यवस्था छ । गत पुसमा प्रतिनिधिसभा विघटन गर्ने सरकारको निर्णयअघि प्रतिनिधिसभा र राष्ट्रियसभाका अधिवेशन एकै पटक आह्वान हुँदै आएको थियो । समाजका विभिन्न क्षेत्रमा ख्याति कमाएका प्रबुद्ध समूहको प्रतिनिधित्व रहने ५९ सदस्यीय राष्ट्रियसभाको सातौँ अधिवेशन गत पुस १७ गते प्रारम्भ भई २६ गते अन्त्य भएको हो ।

एउटा अधिवेशनको समाप्ति र अर्को अधिवेशन प्रारम्भबीचको अवधि छ महिनाभन्दा बढी हुन नहुने संवैधानिक व्यवस्था छ । पछिल्लो पटक गत जेठ ८ गते प्रतिनिधिसभा विघटन भएपछि राष्ट्रियसभाको अधिवेशन बेग्लै आह्वान हुने अवस्था आएको हो । राष्ट्रियसभाका अध्यक्षमा गणेशप्रसाद तिमिल्सिना र उपाध्यक्षमा शशिकला दाहाल हुनुहुन्छ । हाल राष्ट्रियसभामा नेकपा (एमाले), नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र) र जसपा नेपालबाट निर्वाचित तथा तीनजना मन्त्रिपरिषद्बाट सिफारिस भई राष्ट्रपतिबाट मनोनीत हुनुहुन्छ । पछिल्लो पटक गत जेठ ६ र १७ गते निर्वाचित डा खिमलाल देवकोटा (वाग्मती, स्वतन्त्र) र दृगनारायण पाण्डे (लुम्बिनी, कांग्रेस) अधिवेशनमा नयाँ प्रवेशी हुनुहुनेछ ।

## कोरानाका कारण थुनुवाको मृत्युपछि कारागारमा उच्च सतर्कता

चितवन, १६ असार (रासस) ।

कारागार कार्यालयमा कोरोना भाइरसको सङ्क्रमणका कारण एक थुनुवाको मृत्युपछि उच्च सतर्कता अपनाइएको छ । कार्यालयका प्रमुख कमलप्रसाद काफ्लेका अनुसार यही असार १४ गते नवलपुरबाट ल्याइएका थुनुवाको कारोनाका कारण मृत्यु भएपछि उच्च सतर्कता अपनाइएको हो ।

कारागार कार्यालयभित्र रहेको क्वारेन्टिनमा अहिले रहेका २२ जनालाई नियमित स्वास्थ्य परीक्षणदेखि खानपानमा समेत ध्यान दिन लागिएको हो । उहाँले भन्नुभयो, "अहिले समस्या छैन, समस्या आउँछ कि भनेर सावधानी अपनाएका छौँ ।"

थुनुवालाई पहिले टेलिफोन सेवा उपलब्ध गराइएको भए पनि अहिले त्यो सुविधासमेत कटौती गरिएको उहाँले बताउनुभयो । कारागारमा कैदीबन्दीको सङ्ख्या बढी भएकाले पनि सावधानी अपनाउनु परेको उहाँले जानकारी दिनुभयो । कारागारमा अहिले ६७४ कैदीबन्दी छन् ।

कारागारमा रहेका कैदीबन्दीमा विभिन्न प्रकारको रोग रहेकाले एकजनामा कोरोना सङ्क्रमण देखिए फैलन सक्ने भएकाले क्वारेन्टिनमा रहेकालाई छुट्टै भान्छाको व्यवस्था गरिएको छ । नियमित अस्पताल लैजानुपर्ने बिरामीलाई पनि क्वारेन्टिनमा राखिएको उहाँले बताउनुभयो ।

कारागारमा २५ महिलाको क्षमता रहेकामा ५१ र २५५ पुरुषको क्षमता भएकामा ६२३ रहेका छन् । उनीहरूसँग तीन आश्रित बालबालिका छन् ।

## एकसय ७१ देशमा नेपालको बाह्य सम्बन्ध विस्तार

काठमाडौँ, १६ असार (रासस) ।

नेपाल र पश्चिम अफ्रिकी देश सिएरा लिओनबीच बुधबार कूटनीतिक सम्बन्ध स्थापना भएसँगै नेपालको बाह्य सम्बन्ध १७१ राष्ट्रमा विस्तार भएको छ ।

दौँत्य सम्बन्ध स्थापना गर्नेसम्बन्धी संयुक्त सहमतिपत्रमा संयुक्त राष्ट्रसङ्घका लागि नेपालका स्थायी प्रतिनिधि अमृतबहादुर राई र उक्त विश्व संस्थाका निम्ति सिएरा लिओनका स्थायी प्रतिनिधि अलि काब्बाले न्युयोर्कस्थित संयुक्त राष्ट्रसङ्घका लागि नेपालको स्थायी नियोगमा बुधबार भएको संक्षिप्त कार्यक्रममा हस्ताक्षर गर्नुभयो ।

नेपाल र सिएरा लिओनबीच कूटनीतिक सम्बन्ध स्थापना भएको संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेशलाई अवगत गराउने संयुक्त जानकारीपत्रमा पनि दुवै देशका राजदूतले हस्ताक्षर गर्नुभएको उक्त नियोगले जनाएको छ ।

*एक बुबा र...*

उहाँलाई बेला बेलामा मलाई त्यो सौभाग्य भने मिलेन भन्ने लाग्दछ । एउटै ककपिटमा रहँदा दाजुभाइको नाता कि एउटा व्यवसायिक पाइलटको सम्बन्ध ? कुन बढी देखिन्छ ? हाम्रो अर्को जिज्ञासा थियो सुवाससँग । उहाँले भन्नुभयो "दाजुभाइ भन्दा पनि साथी जस्तो लाग्छ मलाई । उडेपछि हामी साथीभाइ ।" श्रवणको पनि उस्तै भनाइ छ "ककपिटमा बस्दा दाजुभाइ भन्ने जस्तो नै हुदैन ।"

नेपालका अधिकांश विमानस्थलमा उडान भरेको अनुभव छ, सुवाससँग । यस्तै अनुभवको खानी नै छ श्रवणसँग पनि । रुम्जाटारबाट काठमाडौँका लागि उडेको ट्वीनअटर जहाजको एकापट्टिको इन्जिन उड्नेवित्तिकै बन्द भयो । जहाजलाई नियन्त्रण गर्नुको विकल्प थिएन उहाँसँग । रुम्जाटारै फर्किन पनि सकिएन । काठमाडौँ सजिलै अवतरण गराउनु ठूलो चुनौती थियो तर बन्द भएको इन्जिन दस मिनेट पछाडि स्टार्ट भयो र सङ्कट टऱ्यो ।

उहाँहरूसँगको कुराकानी सुन्दा लाग्छ कि हवाई उडान आफैमा जोखिमपूर्ण हो । त्यो नेपालमा मात्रै नभई संसारभर नै उस्तै हो । मात्रै जोखिम नियन्त्रण गर्ने उपाय खोज्नुपर्छ । "उडान मार्ग परिवर्तन गर्दै खराब मौसमलाई चिर्ने हो । आकाशमा समस्या हुन्छ नै अमेरिकाको आलास्कामा यहाँको भन्दा बढी जोखिम छ तर पनि उडान त भइरहन्छ" सुवासको भनाइ छ ।

एयरबस उडाउने १२ जना पाइलटमा वरिष्ठमध्ये एक हुनुहुन्छ सुवास । अफगानिस्तानबाट नेपालीको उद्धारका लागि भएको उडानमा सुवास र श्रवण नै जानु भएको थियो । त्यहाँ अवतरण गरेको केही समयमै मिनस्थलको एक भागमा बम विष्फोट भएको थियो । यस्ता दर्जनौं उदाहरण छन् उहाँहरूसँग ।

सन् १९९९ डिसेम्बर २४ मा इन्डियन एयरलाइन्सको एयरबस ए-३०० अपरहणमा परेको थियो । त्यसपछि नेपाल वायु सेवा निगमको जहाज नै काबुलका लागि सोझो उडान भरेको थियो । रिजाल दाजुभाइले पटक पटक आफ्नो ऐतिहासिक दायित्व पूरा गर्नुभएको छ । विगतमा अपरशेन डाइरेक्टर भएर ४० गन्तव्यमा नेपाली ध्वजावाहक जहाज पुऱ्याउने श्रेय समेत सुवासको नाममा छ । व्यवसायिक हितका लागि काम गर्दा निगमको हित नचिताउनेहरूले दुःख दिएपनि त्यसको परवाह नगर्ने स्वभाव छ मेरो, सुवास स्पष्ट भन्नुहुन्छ ।

निगममा पटक पटक प्रमुख व्यवस्थापक परिवर्तन भए । पूर्व सचिव सुशिल घिमिरे दोहोऱ्याएर अध्यक्ष बन्नुभयो । मदन खरेल पनि दोहोऱ्यार कमान सम्हाल्न पुग्नुभयो तर अवस्था जहाँको त्यहीँ रहेको छ । उहाँहरू दुवै जना कार्यकाल नै पूरा नगरी राजीनामा दिएर हिड्नुभयो । निगमलाई बचाउन सफलता प्राप्त होस् भनी धेरैले दिएको आशिर्वाद, बधाई र सफलताका शुभकामनाहरू फेरि अधुरै रहेको गुनासो उत्तिकै छ । यो नियति दोहोरिरहँदा नेपालको राष्ट्रिय ध्वजावाहकलाई माया गर्नेहरू पटक पटक मर्माहत हुनु परेको बताउनुहुन्छ वरिष्ठ क्याप्टेन सुवास ।

आँट गरेर ल्याएको अन्तर्राष्ट्रिय उडान गर्ने चारवटा जहाजको भरमा निगमको साख कति दिन जोगिएला ? धेरैको जिज्ञासा छ । वरिष्ठ क्याप्टेन सुवासको भनाइ छ- मौजुदा अवस्थालाई परिवर्तन गर्न आँट चाहिन्छ । त्यस्तो आँटका लागि प्लान चाहिन्छ । टिम पनि चाहिन्छ । विद्यमान व्यवस्थापनले त्यो काम गर्न सक्दैन ।

नयाँ सोचका साथ काम गर्नैपर्छ । निजी सेवा प्रदायकले गर्न सक्छ भने निगमले किन गर्न सक्दैन ? तपाईले जिम्मेवारी पाए निगमलाई सुधार गर्न सक्नुहुन्छ ? हाम्रो यो प्रश्नको उत्तरमा सुवास धेरै आशावादी देखिनुभयो । भन्नुभयो "निगमलाई धेरै सुधार गर्न सकिन्छ । छ महिनामा परिणाम दिन सकिन्छ । निगम भित्रका तमाम विकृति पनि हटाउन सकिन्छ । दर्जन बढी जहाज पनि किन्न सकिन्छ । गन्तव्य पनि विस्तार गर्न सकिन्छ । नसकिने भन्ने केही पनि छैन । सबै सम्भव छ । गर्न सकिन्छ ।"

त्यो काम हामी गर्न सक्छौं । कुराकानीको बिट मार्दै वरिष्ठ क्याप्टेन सुवासले भन्नुभयो "एउटा इतिहास बनेको परिवारको एउटा सदस्य भएकाले पनि मेरो रगतमा नै निगम छ । निगम डुबेको होइन, निगम फैलिएको हेर्न धोको छ । किनकी मेरो परिवारको रगत पसिना नै यसका लागि बगेको छ । मेरा लागि यसको विकास र विस्तारभन्दा अरु कुनै स्वार्थ छैन ।"

## विश्व समाचार

### भारतमा थप ४६ हजार सङ्क्रमित, ८१७ को मृत्यु

नयाँ दिल्ली, १६ असार (रासस/एएनआई) ।

भारतमा कोरोनाभाइरसबाट थप झण्डै ४६ हजार मानिस सङ्क्रमित भएका छन् ।

सरकारी अधिकारीहरुले दिएको जानकारी अनुसार पछिल्लो २४ घण्टामा थप ४५ हजार ९५१ जना सङ्क्रमित भएका हुन् ।

अघिल्लो दिनको तुलनामा बुधबार सार्वजनिक गरिएको तथ्याङ्कमा केही बढी देखिएको सरकारी अधिकारीहरुले जनाएका छन् ।

अघिल्लो दिन ३७ हजार ५६६ जना नयाँ सङ्क्रमित थपिएको विवरण संघीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले सार्वजनिक गरेको थियो ।

मंगलबार सार्वजनिक गरिएको तथ्याङ्कमा १०२ दिनपछिकै सबैभन्दा कम सङ्क्रमितहरु भएको देखिएको थियो । भारतमा लामो समयदेखि दैनिक ४० हजारभन्दा बढी सङ्क्रमितहरु थपिँदै आएका छन् ।

मन्त्रालयका अनुसार पछिल्लो २४ घण्टामा ६० हजार ७२९ जना कोरोनाभाइरसबाट सङ्क्रमणमुक्त भएका छन् ।

थपिएका सङ्क्रमितहरुको सङ्ख्या भन्दा सङ्क्रमणमुक्त भएकाहरुको सङ्ख्या बढी भएकाले सङ्क्रमित अवस्थामै रहेकाहरुको सङ्ख्या पनि कम हुँदै गएको छ । अहिले सङ्क्रमित अवस्थामै रहेकाहरुको सङ्ख्या पाँच लाख ३७ हजार ६४ रहेको छ ।

पछिल्लो एक दिनमा भारतमा कोरोनाकै कारण ८१७ जनाको मृत्यु भएको मन्त्रालयले सार्वजनिक गरेको तथ्यांकमा उल्लेख छ ।

भारतमा अहिलेसम्म कुल तीन करोड तीन लाख ६२ हजार ८४८ जना कोरोनाभाइरसबाट सङ्क्रमित भएका छन् । ती मध्ये दुई करोड ९४ लाख २७ हजार ३३० जना सङ्क्रमणमुक्त भइसकेका छन् । त्यसैगरी भारतमा कोरोनाभाइरसका कारण अहिलेसम्म कुल मृतकको सङ्ख्या तीन लाख ९८ हजार ४५४ पुगेको मन्त्रालयले जनाएको छ ।

### पूर्वी अफगानिस्तानमा १० तालिबानी लडाकू मारिए

काबुल, १६ असार (रासस-सिन्ह्वा) ।

पूर्वी अफगानिस्तानको वार्डाक प्रान्तमा मङ्गलबार सेनाले गरेको कारबाहीमा दश जना तालिबानी लडाकूको मृत्यु भएको रक्षा मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका अनुसार उक्त कारबाहीमा अरु १२ जना लडाकू घाइते हुनुका साथै सेनाले तालिबानी समूहका गोलाबारुद र हातहतियार नष्ट पारिदिएको छ ।

सेनाले वार्डाक प्रान्तको प्रान्तीय राजधानी मैदान शार र अलासाङ क्षेत्रमा लुकेर बसेका तालिबान लडाकूका तीन ठाउँलाई लक्षित गरी कारबाही गरेको थियो । सेनालाई अफगान वायुसेवाले समेत मद्दत गरेको थियो ।

छिमेकी परवान प्रान्तमा सेनाले गठन गरेको स्थानीयबासीको हतियारधारी प्रतिकार समूहले तालिबान लडाकूहरुलाई शिनबार जिल्लाबाट मङ्गलबार भगाएको पनि सेनाले जनाएको छ ।

परवान प्रान्तको साइगर्ड जिल्लामा नियन्त्रण गरेर बसेका तालिबान समूहलाई पनि सेनाले लखेटेको रक्षा मन्त्रालयको विज्ञप्तिमा उल्लेख छ ।

अफगानिस्तानबाट अमेरिकी र नेटो सैनिकहरु स्वदेश फर्किन लागेसँगै तालिबान समूहले अफगानिस्तानका सरकारी फौजसँग प्रतिरोधपूर्ण संघर्ष गरिररहेको छ । पछिल्लो विवरण अनुसार तालिबान समूहले देशका ४० भन्दा बढी जिल्लालाई आफ्नो नियन्त्रणमा लिइसकेको तालिबान समूहले दाबी गरेको छ ।

### फ्लोरिडाको भवनमा च्यापिएकामध्ये १२ जनाको मृत्यु, १४९ अझै बेपत्ता

फ्लोरिडा, १६ असार (रासस-एएनआई) ।

संयुक्तराज्य अमेरिकाको फ्लोरिडामा भत्किएको एउटा भवनमा मृत्यु हुनेको संख्या १२ जना पुगेको छ ।

मियामी-डेड काउन्टीका मेयर डानिएला लिभाइन काभाका अनुसार भवनको भग्नावशेषमा पुरिएर अझै १४९ जना बेपत्ता छन् र उनीहरुको खोजी कार्य जारी रहेको छ ।

मेयर काभाले पछिल्लो पटक मङ्गलबार साँझ दिनु भएको वक्तव्यमा बेपत्ता हुनेको संख्या अझै यकिनका साथ बताउन कठिन भइरहेको जानकारी दिनुभयो ।

उद्धारकर्ताहरुले थप मानिसको खोजीका लागि दिनरात खोजी कार्य जारी राखेका छन् तर वर्षा र भग्नावशेषका कारण खोजी कार्यमा कठिन भएको छ ।

अमेरिकी राष्ट्रपति जो बाइडेनले सर्फसाइडमा भएको उक्त दुर्घटना स्थलको बिहीबार निरीक्षण गर्नहुने भएको छ ।

गत बिहीबार मियामी समुद्र किनारामा रहेको एउटा ठूलो भवन एक्कासी भत्किएको थियो । भवन भत्किनुको कारण अझै स्पष्ट भइसकेको छैन । तर, सन् २०१८ मा दिइएको प्रतिवेदनले भवनको संरचनामा कमजोरी रहेको देखाएको छ ।

# छुवाछूत घटनाका दोषीलाई संरक्षण नगर्न आग्रह

काठमाडौँ, १४ असार (रासस)। राष्ट्रिय मानवअधिकार आयोगले जातीय विभेद तथा छुवाछूतजस्तो संवेदनशील घटनामा संलग्न दोषीलाई संरक्षण गर्ने कार्य नगर्न आग्रह गरेको छ।

आयोगले छुवाछूतका घटनालाई संवेदनशील रूपमा लिई घटनाको निष्पक्ष र प्रभावकारी अनुसन्धानमार्फत दोषीलाई कानूनी कारबाहीको दायरामा ल्याउन तथा पीडितको न्याय, मर्यादा र समानताको अधिकार संरक्षण गर्न सरकारलाई आग्रह गरेको छ। आयोगले सामाजिक सञ्जालमा आफ्ना विचार प्रस्तुत गर्दा संयमित हुन र सामाजिक सद्भाव राख्न सम्बद्ध सबै पक्षलाई अनुरोध गरेको छ।

सञ्चारकर्मी रुपा सुनारलाई जातीय पहिचानका आधारमा कोठा नदिई भेदभाव गरेको भनी आयोगमा उजूरी प्राप्त हुन आएपश्चात् आयोगले यस घटनालाई गम्भीर रूपमा लिई प्रहरी तथा कानून कार्यान्वयन गर्ने निकायबाट गरिएको अनुसन्धानलाई नजीकबाट अनुगमन गरिरहेको जनाएको छ।

जातीय विभेदजस्तो अमानवीय र संवेदनशील घटनाका दोषीलाई सरकारका मन्त्रीले सरकारी गाडीमा राखेर प्रहरी कार्यालयबाट घर लगेको विषयमा मन्त्री कृष्णगोपाल श्रेष्ठसँग आयोगले बुधबार छलफल गरेको छ।

मन्त्री श्रेष्ठले उक्त घटनामा नहुनुपर्ने कुरा भएको, उक्त घटनामा आफू झण्डासहितको सरकारी गाडीमा नगएको भए हुन्थ्यो भन्ने कुरा महसुस गरेको र भविष्यमा यस प्रकारका घटना नदोहोरिनेमा आफू सचेत रहने बताउनुभयो।

नेपाल जातीय विभेदसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको पक्षराष्ट्र बन्नाका साथै जातीय विभेद उन्मूलनका लागि अन्तर्राष्ट्रिय मञ्चमा प्रतिबद्धता व्यक्त गर्दै आएको छ। नेपालको संविधान, जातीय तथा अन्य सामाजिक छुवाछूत तथा भेदभाव (कसूर र सजाय) ऐन २०६८ र मुलुकी अपराधसंहिता २०७४ ले जातीय विभेदलाई कानूनी अपराधका रूपमा लिई सजायको व्यवस्था गरेको छ।

# ८९ प्रतिशत जनताको पहुँचमा इन्टरनेट सेवा

काठमाडौँ, १६ असार (रासस)। नेपालमा ८९ प्रतिशत जनसङ्ख्या इन्टरनेट सेवाको पहुँचमा पुगेको पाइएको छ। नेपाल दूरसञ्चार प्राधिकरणले सार्वजनिक गरेको चालु आर्थिक वर्ष २०७७/७८ को नौ महिना (गत साउनदेखि चैत मसान्तसम्म) को तथ्याङ्कअनुसार नेपालमा ८८ दशमलव ९३ प्रतिशत जनताको पहुँचमा इन्टरनेट सेवा पुगेको हो।

प्राधिकरणले जनसङ्ख्या प्रक्षेपण (२०११-२०३०) लाई आधार मानेर प्रतिवेदन तयार पारेको हो। प्रतिवेदनमा प्राधिकरणले नेपालको कूल जनसङ्ख्या दुई करोड ९८ लाख ७६ हजार ५३१ लाई आधार बनाएको छ। प्राधिकरणको तथ्याङ्कअनुसार चैत महिनासम्म दुई करोड ६८ लाख ८२ हजारभन्दा बढीको पहुँचमा इन्टरनेट सेवा पुगेको छ। गत फागुनको तुलनामा चैतमा पाँच लाख २६ हजार बढी प्रयोगकर्ता थपिएका छन्। गत फागुनमा दुई करोड ६३ लाख ५६ हजार बढी रहेका थिए।

उक्त तथ्याङ्कअनुसार सबैभन्दा धेरै योगदान मोबाइल इन्टरनेटको रहेको छ। चैतसम्म मोबाइल इन्टरनेटको हिस्सा ६५ दशमलव ३९ प्रतिशत छ। एक करोड १७ लाख ६० हजार बढीको पहुँचमा थ्रिजी इन्टरनेट पुगेको छ। त्यसमा सबैभन्दा धेरै नेपाल टेलिकमको ९३ लाख ३५ हजार र एनसेलको २४ लाख २५ हजार रहेको जनाइएको छ।

फोरजीका प्रयोगकर्ता ७८ लाख ७१ हजार ५५५ पुगेका छन्। नेपालमा तीन दूरसञ्चार सेवा कम्पनीले फोरजी सेवा सञ्चालन गरेका छन्। तीन कम्पनीमध्येमा सबैभन्दा धेरै ग्राहक एनसेलका रहेका छन्। नौ महिनामा एनसेल कम्पनीका फोरजीका ग्राहक ५० लाख १७ हजार १७० पुगेका छन्। एनसेलमा एक महिनामा एक लाख ६० हजार ४२८ फोरजी ग्राहक थपिएका छन्। गत फागुनमा फोरजीका ग्राहक ४८ लाख ५६ हजार ७४२ रहेका थिए।

सरकारी स्वामित्वमा सञ्चालित नेपाल दूरसञ्चार कम्पनी लिमिटेड (नेपाल टेलिकम) नेपाल टेलिकमले ४७ हजार ३५३ फोरजी प्रयोगकर्ता थपेको छ। फागुनमा टेलिकमसँग २५ लाख ८९ हजार २९४ रहेकामा बढेर २६ लाख ३६ हजार ६४७ पुऱ्याइएको प्राधिकरणले जनाएको छ।

यसैगरी स्मार्ट टेलिकमका फोरजी प्रयोगकर्ता दुई लाख १७ हजार ७३८५ पुगेका छन्। गत फागुनको तुलनामा चैतमा ग्राहक सङ्ख्यामा पाँच हजारभन्दा बढीले कमी आएको छ। स्मार्ट टेलिकमका फोरजीका मात्र ग्राहक रहेका छन्।

फिक्स ब्रोडब्यान्डको हिस्सा २२ दशमलव ७८ प्रतिशत रहेको छ। यसमा एडिएसएलका आठ लाख सात हजार र एफटिटिएच इन्टरनेट पाँच लाख १५ हजार बढी रहेका छन्।





विष्णुपुर गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी




तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी

विद्यालय आउँ सबैको माया पाउँ
विद्यालय भर्ना अभियान २०७८ सफल पारौं

सामाजिक विकास मन्त्रालय
शिक्षा विकास निर्देशनालय
जनकपुरधाम, प्रदेश २

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु →
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit
CITY EXPRESS Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer — प्रभुको इच्छा — रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*